## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः २, बैशाख १२ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।१।७

**प्रस्तावना** : व्यास नगरपालिका अन्तर्गत रहेको व्यास नगर अस्पतालको व्यवस्थापनलाई दुरूस्त बनाई अस्पतालबाट प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई थप पारदर्शी, सहज, सुलभ, विश्वसनीय तथा गुणस्तरीय बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले व्यास नगर अस्पताल व्यवस्थापन समिमत गठन तथा सञ्चालन कार्यविधि, २०८२ जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "शाखा" भन्नाले व्यास नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखा सम्झनुपर्छ ।

(च) "अस्पताल" भन्नाले व्यास नगरपालिकाको वडा नम्बर १० मा रहेको व्यास नगर अस्पताल सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले व्यास नगर अस्पताल व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले व्यास नगर अस्पताल व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले व्यास नगर अस्पताल व्यवस्थापन समितिको सदस्य सम्झनुपर्छ ।

(ञ) "सदस्य सचिव" भन्नाले व्यास नगर अस्पताल व्यवस्थापन समितिको सदस्य सचिव सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

## पररच्छेद २

## उद्देश्य, समिति गठन तथा बैठक सम्बन्धी व्यवस्था

३. **उद्देश्य** : (१) यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) अस्पतालको व्यवस्थापनलाई चुस्तदुरूस्त तथा प्रभावकारी बनाउनु,

(ख) अस्पतालको नियमित सेवालाई सहज तुल्याउनु,

(ग) अस्पतालबाट प्रवाह गरिने सेवालाई थप गुणस्तरीय एवं प्रभावकारी बनाउनु,

(घ) अस्पतालको नियमित सञ्चालन, रेखदेख, मर्मत तथा उचित व्यवस्थापन गर्नु,

(ङ) अस्पतालको विकासमा निजी क्षेत्रको सहभागिता बढाउनु,

(च) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्थापन गर्नु ।

४. **समिति गठन सम्बन्धी व्यवस्था** : (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ :

(क) प्रमुमखले तोकेको अस्पताललाई विशेष सहयोग पुऱ्याउन सक्ने व्यक्ति -अध्यक्ष

(ख) अस्पताल रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको सदस्य -सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(घ) प्रमुखबाट मनोनित कम्तिमा एक जना महिला सहित स्वास्थ्य विषय विज्ञ २ जना -सदस्य

(ङ) प्रमुखले नियुक्त गर्ने सम्बन्धित क्षेत्रको अनुभव प्राप्त एवं सामाजिक क्षेत्रमा कार्य गरेको व्यक्तिहरु मध्येबाट १ महिला सहित ३ जना -सदस्य

(च) व्यास नगर अस्पतालका मेडिकल अधिकृत -सदस्य सचिव

(२) समितिका मनोनित पदाधिकारीहरुको कार्यकाल तीन वर्षको हुनेछ र कुनै कारणवस समितिका अध्यक्ष वा सदस्यको पद रिक्त भएमा एक महिना भित्र पदपूर्ति गर्नुपर्नेछ ।

(३) देहायको योग्यता भएको व्यक्ति समितिको अध्यक्ष पदमा नियुक्तिका लागि योग्य मानिनेछ :

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पूरा भएको,

(ग) कम्तिमा एस.एल.सी. वा एस.इ.इ. उत्तीर्ण गरेको,

(घ) सामाजिक तथा स्वास्थ्य क्षेत्र सम्बन्धी अनुभव भएको,

(ङ) कुनैपनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसूरमा दोषी ठहर नभएको,

(च) सार्वजनिक पदमा बहाल नभएको ।

(४) देहायको योग्यता भएको व्यक्ति समितिको सदस्य पदमा नियुक्तिका लागि योग्य मानिनेछ :

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पूरा भएको,

(ग) सामाजिक तथा स्वास्थ्य क्षेत्र सम्बन्धी अनुभव भएको

(घ) कुनैपनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसूर गरी दोषी ठहर नभएको,

(ङ) सार्वजनिक पदमा बहाल नभएको ।

(५) देहाय बमोजिमको अवस्थामा समितिका अध्यक्ष एवं सदस्यहरुको पदावधि समाप्त भएको मानिनेछ :

(क) मृत्यु भएमा,

(ख) पदबाट राजिनामा दिई स्वीकृत भएमा,

(ग) बिना सूचना समितिको बैठकमा  लगातार ३ पटक भन्दा बढी अनुपस्थित भएमा,

(घ) अस्पतालको हित विपरीत हुने क्रियाकलाप गरेमा,

(ङ) प्रमुखले अध्यक्ष तथा मनोनित सदस्यहरुको हकमा पदबाट हटाउने निर्णय गरेमा,

(च) कुनैपनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसूरमा  दोषी ठहर भएमा,

(छ) मनोनित पदबाट हटाउनुपूर्व सफाई पेश गर्नका लागि मनासिब माफिको समय दिइनेछ ।

५. **<u>समिति बैठक सञ्चालन सम्बन्धी व्यवस्था</u> :** समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक अनिवार्य र आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ,

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ग) समितिको बैठक बस्नु भन्दा कम्तिमा एक दिन अगावै सदस्य सचिवले बैठकको एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ । आकस्मिक अवस्था परी बैठक बस्नु परेमा जुनसुकै बेला पनि सूचना गर्न सक्नेछ,

(घ) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रको विज्ञ वा पदाधिकारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ,

(ङ) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(च) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(छ) सदस्य सचिवले समितिको बैठकका निर्णयहरू प्रमाणित गरी राख्नुपर्नेछ,

(ज) समितिका पदाधिकारी वा सदस्यहरुले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(झ) समितिको बैठकमा पेश हुने प्रस्तावहरू मध्ये आर्थिक दृष्टिले नगरपालिकासँग जोडिने विषय भएमा वा व्ययभार थपिने भएमा अनिवार्य रूपमा स्वास्थ्य तथा जनसंख्या शाखा मार्फत नगरपालिकाको अनिवार्य सहमति लिनुपर्नेछ,

(ञ) उपदफा (झ) बमोजिमका विषयहरूमा भएका निर्णयहरू समितिको बैठक बसेको मितिले सात दिन भित्र स्वास्थ्य तथा जनसंख्या शाखामा पठाउनुपर्नेछ ।

**स्पष्टीकरण :** अध्यक्षको अनुपस्थितिमा आकस्मिक अवस्था सृजना भई बैठक बस्नुपर्ने भएमा अध्यक्षको सल्लाहमा समितिको बैठक बस्न सक्नेछ । अध्यक्षको अनुपस्थितिमा बस्ने बैठकको अध्यक्षता समितिका जेष्ठ सदस्यले गर्नेछन् ।

## पररच्छेद ३
## समिति तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

६. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) अस्पतालको समग्र विकासका लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने,

(ख) अस्पताल र सेवाग्राही बीचमा समन्वयकर्ताको रुपमा काम गर्ने,

(ग) अस्पतालमा आवश्यक पर्ने पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन, उपकरण, अध्ययन अनुसन्धान लगायतका विषयमा आवश्यक श्रोत साधनको व्यवस्था गर्न पहल गर्ने,

(घ) अस्पतालको नियमित सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक सहयोग समन्वय तथा सहजीकरण गर्ने,

(ङ) अस्पतालबाट प्रदान गरिने सेवाहरुको शुल्क तथा अनुगमन, समीक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने,

(च) अस्पतालको वार्षिक प्रतिवेदन प्रकाशनमा सहयोग गर्ने,

(छ) अस्पतालको सेवा शुल्क पुनरावलोकन गर्नुपर्ने देखिएमा सोको प्रस्ताव गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ज) गरिब, असहाय तथा नेपाल सरकारले निशुल्क स्वास्थ्य सेवा दिने भनी तोकिएका वर्गका बिरामीलाई निशुल्क सेवा उपलब्ध गराउने सो बाहेकका बिरामीलाई निशुल्क सेवा वा सहुलियत दिनुपर्ने मनासिब कारण भए मापदण्डहरु बनाई नगरपालिकाको अग्रिम स्वीकृति लिई कार्यान्वयन गर्ने गराउने,

(झ) अस्पतालजन्य फोहोरमैला व्यवस्थापनको यथोचित प्रबन्ध मिलाउने,

(ञ) अस्पतालको क्षमता, आवश्यकता र औचित्यताको आधारमा आन्तरिक स्रोतको मितव्ययी रुपमा परिचालन गर्ने गराउने,

(ट) अस्पतालबाट प्रदान गरिने सेवा सुविधाहरूलाई समयानुकुल बनाउन अध्ययन गरी आवश्यक कार्यहरू गर्ने गराउने,

(ठ) अस्पतालको लागि अल्पकालीन तथा दीर्घकालीन नीति, रणनीति, कार्यविधि तथा योजना तर्जुमा गर्न सहयोग गर्ने,

(ड) अस्पतालमा सेवा थप गर्नुपर्ने वा सेवाग्राहीको चाप बढी भै जनिशक्ति थप गर्नुपर्ने भए सोका लागि पुष्ट्याई सहित आवश्यक व्यवस्था गर्न स्वास्थ्य शाखा मार्फत् कार्यपालिकामा पेश गर्ने,

(ढ) अस्पतालका भौतिक सम्पतिहरूको संरक्षण, उपयोग तथा मर्मत संभार गर्ने गराउने,

(ण) नगरपालिकाबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(त) अस्पताल आफैले फार्मेसी सञ्चालन गर्नेछ,

(थ) अस्पतालको नाउँमा रहेको कोषको खाता सञ्चालन गर्ने,

(द) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

## ७. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

(१) अध्यक्ष : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवं गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउन पहल गर्ने,

(ख) नेपाल सरकार, गण्डकी प्रदेश सरकार, नगरपालिका, समुदाय, सहयोगी संस्था र अन्य सरोकारवालाहरूसँग आवश्यक  र सहकार्य गर्ने,

(ग) प्रचलित कानुनको अधीनमा रही अस्पतालको विकास, सञ्चालन तथा व्यवस्थापनको आवश्यक व्यवस्था गर्ने, गराउने,

(घ) समितिको बैठक राख्ने र बैठकको अध्यक्षता गर्ने,

(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(च) अस्पतालको निरीक्षण गरी अस्पतालको सेवा प्रवाह सम्बन्धमा सेवाग्राहीको गुनासो सम्बोधन गर्ने, गराउने,

(छ) वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न लगाई स्वीकृत गराउनका लागि नगरपालिका पेश गर्ने,

(ज) नगरपालिकाको प्रचलित नीति तथा कानुनसँग तालमेल हुने गरी अस्पताल सञ्चालनका लागि आन्तरिक नीति, नियम तथा योजना बनाई कार्यान्वयन गर्ने,

(झ) अस्पतालबाट प्रदान गरिने सेवाहरूको अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने,

(ञ) नेपाल सरकार तथा विद्यमान कानुनले निशुल्क व्यवस्था गरेको बाहेकका सेवाहरूका लागि शुल्क निर्धारण गर्ने, गराउने,

(ट) अस्पतालको आवश्यकता पहिचान गरी थप भौतिक संरचना तथा सम्पत्तिहरूको व्यवस्थापन गर्ने, गराउने,

(ठ) अस्पतालका भौतिक संरचना तथा सम्पत्तिहरूको समूचित प्रयोग गर्ने व्यवस्था मिलाउने तथा मर्मत, संभार तथा संरक्षणको व्यवस्था मिलाउने,

(ड) अस्पतालबाट प्रदान गरिएका सेवाहरूको सामाजिक परीक्षण गराई सेवाको प्रभावकारिता बढाउने तथा सेवाहरूको उपलब्धता बारे जनचेतना जगाउने कार्यहरू गर्ने, गराउने,

(ढ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट प्राप्त नीति, नियम, निर्णय, तथा समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ण) अस्पताल तथा वरिपरिको सरसफाई गर्न लगाउने एवं फोहोरमैला बिसर्जनको उचित प्रबन्ध मिलाउने,

(त) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने, गराउने ।

(२) सदस्य सचिव : सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) अस्पतालको सेवा प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(ग) समितिको निर्णयहरु प्रमाणीकरण गर्ने, अभिलेखीकरण गर्ने तथा कार्यान्वयन गर्ने, गराउने,

(घ) अस्पतालको भौतिक सम्पतिको थप, मर्मत, सुधार, संरक्षण, सुरक्षा एवं आवश्यक रेखदेख गर्ने, गराउने,

(ङ) अध्यक्षसँगको समन्वयमा बैठकको एजेण्डा तयार गरी बैठक बोलाउने,

(च) मासिक रूपमा प्रतिवेदन तयार गरी eHMIS मा प्रविष्टका गराउने,

(छ) वार्षिक कार्ययोजना तथा बजेट निर्माण गर्ने, समितिसँग स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने,

(ज) कर्मचारीहरूको जिम्मेवारी तोक्ने, कार्ययोजना निर्माण गर्न लगाई स्वीकृत गर्ने,

(झ) कार्ययोजना अनुरूप काम भए नभएको एकिन गर्ने, अनुगमन सुपरिवेक्षण गरेर पृष्ठपोषण गर्ने,

(ञ) सरोकारवाला व्यक्ति तथा निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) अस्पतालबाट प्रदान गर्ने सेवा वापत लिइने शुल्क निर्धारणका लागि समिति समक्ष प्रस्ताव पेश गर्ने,

(ठ) अस्पतालबाट प्रदान गरिने सेवाहरू थप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन, सीप विकास, दक्षता अभिवृद्ध, अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरू गर्ने, गराउने,

(ड) अस्पतालसँग सम्बन्धित गुनासो सम्बोधनका लागि उचित प्रबन्ध मिलाउने,

(ढ) तोकिए बमोजिमका अन्य कार्यहरू तथा प्राप्त निर्देशनहरू बमोजिमका कार्यहरू गर्ने, गराउने,

(ण) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) सदस्य : सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको बैठकमा नियमित उपस्थित हुने,

(ख) अस्पतालको दैनिक कार्यहरुमा आवश्यकता अनुसार सहयोग गर्ने,

(ग) अस्पतालका भौतिक सम्पतिहरूको रेखदेख गर्ने,

(घ) अस्पताल तथा परिसरको सरसफाईमा सहयोग गर्ने ,गराउने,

(ङ) समितिका अध्यक्षले लगाएका अन्य कार्यहरू गर्ने, गराउने,

(च) अस्पतालको विकासका लागि राय, सुझाव समितिको बैठकमा पेश गर्ने,

(छ) अस्पतालबाट प्रदान गरिने सेवाहरूको बहस पैरबी गर्ने,

(ज) सेवाग्राहीहरूको अस्पताल प्रतिको धारणा, गुनासोहरू बुझी समितिमा पेश गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## पररच्छेद ४
## विविध

८. **अस्पतालको कोष** : (१) यस अस्पतालको कोषमा देहाय बमोजिमका आम्दानी रहनेछ :

(क) नेपाल सरकारको सशर्त अनुदान अन्तर्गतको कर्मचारी तलब भत्ता वापतको रकम,

(ख) नगरपालिकाबाट प्रदान गरिने एकमुष्ठ वार्षिक बजेट वापतको रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(घ) राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था, विविध क्लबहरुबाट कानुन बमोजिम प्राप्त रकम,

(ङ) अस्पतालले तोकेका अन्य रकमहरु,

(च) अस्पतालका विशेष आम्दानीबाट सञ्चित रकम ।

९. **खाता सञ्चालन** : (१) यस अस्पतालको मूल आम्दानी खाता अस्पताल व्यवस्थापन समितिका अध्यक्ष र अस्पतालका प्रमुख मेडिकल अधिकृतको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

१०. **अधिकार प्रत्यायोजन** : (१) सामान्यतया समितिको अधिकार हस्तान्तरण हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारहरु अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य सचिव वा सदस्यले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम प्रत्यायोजित अधिकार कुनै निश्चित काम विशेषमा क्षणिक समयको लागि पटके रुपमा मात्र हुनेछ ।

(४) नगरपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(५) समितिका निर्णयहरु कार्यपालिकाबाट अनुमोदन भए पश्चात् मात्र कार्यान्वयन हुनेछ । तर स्वास्थ्य बिमा तर्फ कार्यक्रमका लागि कार्यपालिकाको स्वीकृति आवश्यक पर्ने छैन ।

(६) संघीय सरकार, प्रदेश सरकार, नगरपालिका र सोसँग सम्बन्धित निकायहरूका निर्देशन, आदेश, कार्यकारी निर्णयहरु तथा परिपत्रहरू सहितका निर्देशनहरू पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

११. **अभिलेख तथा प्रतिवेदन** : (१) अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) बिरामीको उपचार सम्बन्धी अभिलेख अनिवार्य रूपमा तोकिए बमोजिम राख्नुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिम राखिएको अभिलेख तयार गरी सोही अनुसार विद्युतीय प्रणालीमा वा तोकिए बमोजिम सुरक्षित गर्नुपर्नेछ ।

(ग) अस्पतालले उपदफा (क) बमोजिमका अभिलेख उतार गरी मासिक प्रतिवेदन प्रत्येक महिनाको सात गते भित्र नगरपालिका स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ ।

(घ) मन्त्रालय, नगरपालिका वा स्वास्थ्य शाखाले कुनैपनि सेवाको आंशिक वा पूर्ण विवरण माग गरेमा तत्काल उपलब्ध गराउनुपर्नेछ ।

१२. **सम्बन्ध, सहकार्य तथा समन्वय** : (१) सम्बन्ध, सहकार्य तथा समन्वय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) समितिले अस्पतालको हितका लागि अन्य सरकारी वा गैरसरकारी निकायसँग सम्बन्ध, समन्वय र सहकार्य गर्न सक्नेछ,

(ख) अस्पताललाई दीर्घकालीन प्रभाव पर्ने तथा थप दायित्व सृजना हुने विषयहरूमा तथा विदेशी संघ संस्था वा गैरसरकारी निकायसँग सम्बन्ध, समन्वय र सहकार्य गर्दा नगरपालिकासँग अग्रिम स्वीकृति लिनुपर्नेछ ।

**१३.** **<u>अस्पताल रहने स्थान</u> :** व्यास नगर अस्पताल व्यास नगरपालिका वडा नं.१० दुम्सीबजारमा रहनेछ ।

**१४.** **निर्देशक समिति :** अस्पतलाको विविध विषयमा समितिलाई सहजीकरण, सहयोग र आवश्यक निर्देशन दिनका लागि निम्नानुसारको निर्देशक समिति रहनेछ :

(क) संयोजक : प्रमुख
(ख) सह-संयोजक : उपप्रमुख
(ग) सदस्य : प्रमुख प्रशासकीय अधिकृत
(घ) सदस्य : सम्बन्धित वडाका वडा अध्यक्ष
(ङ) सदस्य सचिव : स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख

**१५.** **<u>खारेजी र बचाउ</u> :** व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८ खारेज गरिएको छ र सो कार्यविधिले गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**
काशीराम गैरे
प्रमुख प्रशासकीय अधिकृत